CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३२

२२।२।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## विदेशमा रहेका नेपाली नागरिकलाई स्वदेश ल्याईसकेपछिको व्यवस्थापनको जिम्मेवारी बाँडफाँड

| | |
|---|---|
| क्वारेन्टिनको सुरक्षा, रेखदेख, निगरानी र अभिलेख व्यवस्थापन | नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, स्थानीय तह |
| दश दिनको अवधिमा क्वारेन्टिन तयार (खरिपाटी ईचंगु आवास क्षेत्र, मनमोहन अस्पताल दहचोक, के.एम.सी. दुवाकोट) | शहरी विकास मन्त्रालय |
| क्वारेन्टिन लजिष्टिक सपोर्टको व्यवस्था | स्थानीय तह |
| नेपाल प्रवेश गरेकाहरूलाई जिल्ला सदरमुकाम हुँदै सम्बन्धित स्थानीय तहको क्वारेन्टिनमा पुऱ्याउने | प्रदेश सरकार, स्थानीय तह, PCCMC/DCCMC |
| होम क्वारेन्टिनमा रहेको अनुगमन, निरिक्षण गर्ने | स्थानीय तह, स्थानीय प्रशासन |
| समग्र कार्य सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशन गर्ने | कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |

स्रोत: https://mofaga.gov.np/


## नेपाल अपडेट




कपिलबस्तु जिल्ला अस्पताललाई कोरोना अस्पताल बनाउन माग गर्दै दवावमुलक कार्यक्रममा सहभागिहरु

**परिक्षण**
पिसिआर: ८४,१३४
आरडिटि: १,२५,५६४

पोजेटिभ: २,६३४
उपचाररत: २,३३४
मृत्यु: १०




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



असार १ गतेबाट सबै पठनपाठन सुचारु हुने गरी विद्यालय खुल्ने भन्ने हल्ला छ ।

विद्यालय खुला गरी पठनपाठन सञ्चालन गर्ने सम्बन्धमा हाल सम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कुनै निर्णय गरेको छैन । तर, कोभिड - १९ ले सृजना गरेको हालको अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले "वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देशिका, २०७७" जारी गरेको छ । २०७७ साल असाढ १ गतेबाट सोही निर्देशिका बमोजिम विद्यार्थीको सिकाई सहजिकरण गर्ने व्यवस्थाका लागि संघ, प्रदेश र स्थानीय निकायका सरोकारवाला सबैलाई मन्त्रालयले अनुरोध गरेको छ ।

स्रोत: file:///C:/Users/Envy%20.LAPTOP-G3GSOOUC/Downloads/PressRelease_Minister_Education.pdf



अब विद्युतका ग्राहकले अनलाईनबाट आफै मिटर रिडिङ गर्न मिल्छ रे । कसरी गर्ने हो ? फेरी आफै रिडिङ गर्दा ग्राहकले तलमाथी गरे के गर्ने ?

कोभिड - १९ का कारण कर्मचारी घर-घरमा गएर मिटर रिडिङ गर्ने अवस्था नभएकोले नेपाल विद्युत प्राधिकरणले अनलाईनबाट मिटर रिडिङ गर्न मिल्ने व्यवस्था गरेको हो । त्यसका लागि विद्युतका ग्राहकल https://consumer.nea.org.np मा गएर दिएको निर्देशन पालन गरी आफ्नो मिटरमा देखाईएको वास्तविक मिटर अंक राख्नु पर्दछ । यदी राखिएको अंकमा गडबडी गरिएको पाईएमा नेपाल विद्युत प्राधिकरण वितरण विनियमावलीमा व्यवस्था भए अनुसार कारवाही गर्ने पनि जनाएको छ ।



अब त आईसोलेशनमा राख्नुपर्ने बिरामीलाई पनि घरमै राख्ने रे ।

हाल कोभिड - १९ बाट अति प्रभावित देशहरुको अनुभवको आधारमा, उपलब्ध अस्पतालहरुको सीमित क्षमतालाई मध्यनजर गर्दै लक्षण नदेखिएका र सामान्य लक्षण देखिएका केशहरुको घरमै राखेर व्यवस्थापन गर्ने विकल्प सरकारले अघि सारेको छ । त्यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निश्चित मापदण्ड तयार गरेको छ । उक्त मापदण्ड पूर्ण पालना हुने अवस्थाको सुनिश्चितता भएमा सम्बन्धित स्वास्थ्यकर्मीले घरमै आईसोलेशनमा बस्न निर्देशन दिन सक्नेछन् । विस्तृत मापदण्ड हेर्न तलको लिंकमा जानुहोस् ।

स्रोत: https://drive.google.com/file/d/1UQREEMNzynsgBcAXI1F_yIl-jYQMNhS7/view



अहिले कोरोना भन्दा पनि मानसिक रोगका बिरामी बढ्ने सम्भावना देखिन्छ । यस प्रती सरकारले त्यती ध्यान दिएको पाईदैन ।

कोभिड - १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने सरकारको योजना छ । यस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गर्नु भनेर स्थानीय तहको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको प्राथमिकतामा राख्ने विषयमा मन्त्रीस्तरीय निर्णय गरी स्थानीय तहलाई कार्यान्वयनका लागि जानकारी गराईएको छ ।

स्रोत: https://mofaga.gov.np/




## COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

डायल **32100** कोभिड - १९ सम्बन्धी जानकारी लिनको लागि


viamo द्वारा प्रस्तुत

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ९१,१८२ संक्रमित | २९,९२१ संक्रमित | १२,८१५ संक्रमित | ८२,१६० संक्रमित | ३६,३५९ संक्रमित | १४,३१६ संक्रमित | ८,२४७ संक्रमित | ११,६२९ संक्रमित |
| १३६४ नेपाली संक्रमित | ६५० नेपाली संक्रमित | ३११ नेपाली संक्रमित | ६,९११ नेपाली संक्रमित | १६०० नेपाली संक्रमित | | ८१ नेपाली संक्रमित | |
| ८ मृत्यु भएका नेपाली | २ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १९ मृत्यु भएका नेपाली | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

### यू.ए.ई., कतार र साउदी अरवबाट नेपाल फर्कन चाहने व्यक्तिहरुको सहजिकरणका लागि सम्पर्क व्यक्ति तथा नम्बरहरु

यू.ए.ई., कतार र साउदी अरब स्थित नेपाली दुतावासले नेपाल फर्कन चाहनेहरुका लागि प्रकृयागत सूचना निकालेका छन् । सबै सूचनालाई आधार मान्ने हो भने, राहदानी, भिषा, र सम्बन्धीत व्यक्तिले समस्या दर्शाउने कागजातहरु पठाउनु पर्नेछ । पहिल्यै टिकट लिएर बसेकाहरुले भने टिकटको कपि पनि पठाउनु पर्नेछ ।

#### कसले कहाँ सम्पर्क गर्ने?

**यू.ए.ई.**

गर्भवती महीला, कोभिड - १९ बाहेकका बिरामी, आफन्त गुमाएका, बिध्यार्थी र ईन्टर्नसिपमा आएका विद्यार्थी समस्यामा परेर नेपाल जानु पर्ने भए रिता धिताल लाई सम्पर्क गर्न सक्नुहुन्छ मोवाईल: 0508180280 Email: eonabudhabienquiry@gmail.com साथै, भिजिट भिषा, ब्याक्तिगत तथा कम्पनी भिषामा रहेकाहरुले निर्मला थापा, मोवाईल: 054 505 3250 र मोतिराम भुषाल, मोवाईल: 054 594 2411 मा सम्पर्क गर्नु सक्नुहुन्छ । अथवा, eonabudhabienquiry@gmail.com मा मेल गर्न सक्नुहुन्छ ।

**कतार**

WhatsApp Number :
+974 33560117
Email:
repatriation.nepal@gmail.com

**साउदी अरव**

WhatsApp Number:
0500031705
Email:
nepalembassyriyadh@gmail.com

accountabilitylab NEPAL

# $ फलो द मनी

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि


**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२ करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## सरकारद्वारा कोभिड - १९ प्रतिकार्यमे करलगेल जम्मा खच

**रु. ९,७०,००,००,०००**




संघिय सरकार
रु. ४,८३,००,००,०००

कोरोना भाईरस नियन्त्रण आ उपचार कोष
रु. १,२०,००,००,०००

प्रदेश सरकार
रु. १,०८,००,००,०००

स्थानीय सरकार
रु. २,७६,००,००,०००

# $ फलो द मनी

## सरकारी खर्च शिर्षक



G2G प्रकृयासँ
उपकरण खरिद
रु. २,२५,००,००,०००




राहत वितरणमे जम्मा खर्च
रु. १,५०,००,००,०००




हाल सम्म विवरण
नखुलाईएको खर्च
रु. ६,१२,००,००,०००

## कोभिड - १९ का उपचाररत बिरामीको लागि लाग्ने खर्च

**२,०३१**
ईलाज
करारहल
आदमीके संख्या

**रु. २,२००**
प्रति व्यक्ति प्रतिदिन
कोरोना संक्रमितके उपचारमे
भेल औसत खर्च

**२०**
संक्रमित व्यक्ति
अस्पतालमे रहल
औसत दिन

**रु. ८,९३,६४,०००**
ईलाज करारहल आदमीके
लेल आवश्यक खर्च

यद्यपी सरकारद्वारा कोभिड - १९ प्रतिकार्यमे करिब ९ अर्ब ८७ करोड रुपैया खर्च कल चुकल अछि, लेकिन प्राय खर्चके विवरण उल्लेख कएल नै देखाईत अछि । उपर प्रस्तुत कएलगेल अनुसार, जम्मा खर्चके १५% रकम राहत वितरणमे खर्च करलगेल अछि त, करिब २३% रकम स्वास्थ्य न्द्दन प्रकृया मार्फत उपकरण किनमे खर्च कएलगेल अछि । अई बाहेक क्वारेन्टाईन व्यवस्थापन, उपचार खर्च, सुरक्षा व्यवस्थापन ईति जेहन शिर्षकमे मात्रे खर्च भेल देखाईत अछि लेकिन वास्तविक विवरण खुलाएल नै देखाईत अछि । अखनके ईलाज खर्चके आधार मानबै त, २०३१ कोई ईलाज करारहल आदमीके लेल करिब ९ करोड जरुरत परैत छै ।

स्रोत: https://www.nayapatrikadaily.com/news-details/44674/2020-06-04

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# महिला मैत्री क्वारेन्टाईनके आवश्यकता




नेपाल आ भारत बीच लकडाउन नै खुललातक एक दोसर देशके नागरिकके सिमापार नै पठायब कहि सहमती भेल छलै । लेकिन, अखन भारतिय सिमासँ नेपाल प्रवेश करवलाके संख्या बेसी अछि । भारतमे कामके लेल गेल नेपालीसच कोरोनाके कारण दैनिक हजारौंके संख्यामे सिमा नाका होईत घर फिर्ता आबके क्रम जारी छै । सुदुर पश्चिम प्रदेश प्रहरी कार्यालयके जेठ १ गते सँ जेठ १७ गते तकके तथ्यांक देखल जाय तँ, ओई अवधीमे जम्मा ४५,८२९ कोई प्रदेश सिमानाका सँ नेपाल प्रवेश केने अछि । बैतडी नाका सँ १,४२६ कोई, दार्चुला नाका सँ ३१९ कोई, कैलाली नाका सँ ३७,२४७ कोई आ कञ्चनपुर नाका सँ ६,८३७ कोई अई अवधिमे नेपाल प्रवेश केने अछि । ओकरा सभमे सँ ३,८०० जनानी, २६ कोई धियापुता, आ ४२,००१ कोई पुरुष रहल अछि । ओना प्रवेश करल सभके स्वास्थ्य परिक्षण मुदा होब नै सकल छै । ओकरासभके परिक्षण केने बिना सम्बन्धित स्थानीय तहमे पठाओल गेल छै ।

एना देखलापर भारतसँ फिर्ता आईब क सम्बन्धित स्थानीय तहद्वारा व्यवस्थापन करलगेल क्वारेन्टिनमे रहिरहल सब जोखिमे अछि। विशेष कलक जनानी आ धियापुता आरो बेसी जोखिममे अछि।

कि भारतसँ आयल नागरिकके राखैला बनाएलगेल क्वारेन्टाईन जनानी मैत्री अछि त ? क्वारेन्टाईन व्यवस्थापन करकालमे कम्तिमे सेहो ई ५ बातमे ध्यान देनाई जरुरी लगैत अछि :


१. महिनावारी भेल जनानीके जरुरत परवला सेनिटरी प्याड, शौचालय आ पर्याप्त पाईनके व्यवस्था





२. गर्भवती जनानीके लेल न्युनतम पौष्टिक आहारके व्यवस्था

३. स्तनपान कराबवला जनानीके लेल अलग्गे कोठलीके व्यवस्था





४. जनानी विरुद्ध होबवला हिंसासँ बचके लेल सुरक्षित वातावरण


५. गोपनियताके मध्यनजर करैत जनानीके लेल अलग्गे कोठलीके व्यवस्था



सही
सूचना

# संक्रमितको संख्या बढिरहँदा पनि अझै परिक्षणको गतिमा सुधार भएन

## कोभिड - १९ को दैनिक परिक्षण र संक्रमितको संख्या




दैनिक रुपमा कोभिड - १९ बाट संक्रमितको संख्या बढिरहेको छ जबकी परिक्षणको संख्यामा त्यती सुधार भएको देखिदैन । औसतमा परिक्षण गरिएका मध्ये ५.८ प्रतिशतमा संक्रण देखिएको पुष्टि भएको छ । अहिलेको आँकडा हेर्दा हरेक दिन संक्रमितको संख्या सयौँले बढिरहेको छ । यसले नेपाल अब संक्रमणको अर्को चरणमा प्रवेश गरेको देखाउँछ र अझै पनि परिक्षणको गती बढ्नेकुरामा विश्वास गर्ने कुनै आधार देखिदैन । समाचारमा आए अनुसार, प्रदेश २, प्रदेश ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा टेष्टिङ किटको अभाव र प्रयोगशालाको क्षमताले धान्न सक्ने अवस्था नभएकोले सुरक्षित क्वारेन्टिन व्यवस्थापनमा ठुलो चुनौती थपिएको छ । यो समस्यालाई सम्बोधन गर्न सरकारले लकडाउनको दिन गन्ती गर्नु भन्दा के कदम चाल्दा उपयुक्त होला त ?

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219